धरान उपमहानगरपालिका, नगर पालिकाको कार्यालय

प्रदेश-१ धरान, सुनसरी

तेईसौं नगर कार्यपालिका बैठक

आज मिति २०७५ मंशीर १५ गते दिउशो २:०० बजे धरान उपमहानगरपालिकाको तेईसौं नगर कार्यपालिका बैठक कार्यवाहक नगर प्रमुख श्री मञ्जु भण्डारी (सुवेदी) को अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो।

<u>सहभागिता:</u>

| क्र.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री मञ्जु भण्डारी सुवेदी | का. वा. नगर प्रमुख | ध.उ.म.न.पा. | उपस्थित |
| २ | श्री रोशन अधिकारी | वडा अध्यक्ष | धरान-१ | अनुपस्थित |
| ३ | श्री माधव गोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | उपस्थित |
| ४ | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | उपस्थित |
| ५ | श्री मान बहादुर राई | वडा अध्यक्ष | धरान-४ | उपस्थित |
| ६ | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | अनुपस्थित |
| ७ | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | उपस्थित |
| ८ | श्री जिवनराज सुवेदी | का.वा. वडा अध्यक्ष | धरान-७ | अनुपस्थित |
| ९ | श्री रुद्रबहादुर लिम्बु | वडा अध्यक्ष | धरान-८ | अनुपस्थित |
| १० | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | उपस्थित |
| ११ | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | उपस्थित |
| १२ | श्री बाबुलाल लामा | वडा अध्यक्ष | धरान-११ | उपस्थित |
| १३ | श्री टंक बहादुर राइ | वडा अध्यक्ष | धरान-१२ | अनुपस्थित |
| १४ | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | उपस्थित |

| | | | | |
|---|---|---|---|---|
| १५ | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | अनुपस्थित |
| १६ | श्री नरेश कुमार इवारम | वडा अध्यक्ष | धरान-१५ | उपस्थित |
| १७ | श्री दिल कुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | अनुपस्थित |
| १८ | श्री सूर्य बहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | उपस्थित |
| १९ | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | उपस्थित |
| २० | श्री राजकुमार राई | का.वा. वडा अध्यक्ष | धरान-१९ | उपस्थित |
| २१ | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | उपस्थित |
| २२ | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | उपस्थित |
| २३ | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | अनुपस्थित |
| २४ | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | उपस्थित |
| २५ | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | उपस्थित |
| २६ | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | उपस्थित |
| २७ | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | अनुपस्थित |
| २८ | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | उपस्थित |
| ३० | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | अनुपस्थित |

**अन्य सहभागिता :**

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री पिताम्बर गौतम | निमित्त प्रमुख प्रशासकिय अधिकृत | उपस्थित |
| २ | श्री खगेन्द्र प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | उपस्थित |

खगेन्द्र प्रसाद खतिवडा

गौतम
अधिकृत

# धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय

नगर कार्यपालिकाको २३ औं बैठक

२०७५।०८।१५ दिउशो २:००

## बैठकका कार्यसूची र निर्णयहरु

१. आधारभूत तह "कक्षा ५ र कक्षा ८" को नगरस्तरीय वार्षिक परीक्षा संचालन सम्बन्धमा ।

आधारभूत तह "कक्षा ५ र कक्षा ८" को उपमहानगरस्तरीय वार्षिक परीक्षा सञ्चालनका लागि तपसिल अनुसार परीक्षा समिति गठन गर्ने निर्णय गरियो साथै उक्त समितिलाई परीक्षा सम्बन्धी कार्यविधि आफैं निर्माण गरी परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरणको जिम्मेवारी समेत प्रदान गरीयो ।

**समितिको विववण**

| | |
|---|---|
| क) श्री शिक्षा महाशाखा प्रमुख | - संयोजक |
| ख) श्री अशोक पोखरेल (शिक्षा सदन माध्यामिक विद्यालय) | - सदस्य |
| ग) श्री अनुप योन्जन ( माउण्ट हर्मन वोर्डिङ स्कूल) | - सदस्य |
| घ) श्री चन्द्रकला ओझा (शिक्षा निकेतन माध्यामिक विद्यालय) | - सदस्य |
| ङ) श्री शंकर भण्डारी (ल्यावोरेटरी माध्यामिक विद्यालय) | - सदस्य |
| च) श्री प्रदिप पाख्रिन (पंचायत माध्यामिक विद्यालय) | - सदस्य |
| छ) श्री विद्यालय निरीक्षक, नगर कार्यपालिकाको कार्याल | - सदस्य सचिव |

२. प्रश्न पत्र, परीक्षा र परीक्षा शुल्क सम्बन्धमा

परीक्षा समितिले कक्षा ५ को हकमा संस्थागत विद्यालयहरुलाई अंग्रेजी, गणित र नेपाली विषयको प्रश्नपत्र निर्माण गरी विद्यालयहरुलाई उपलब्ध गराउनेछ । सम्बन्धित विद्यालयहरुले परीक्षा सञ्चालन पश्चात विद्यालयहरुको नतीजा तयार पारी समितिबाट प्रमाणीत गराउनु पर्नेछ । परीक्षा शुल्क सम्बन्धमा संस्थागत विद्यालयको कक्षा ८ को लागि प्रति विद्यार्थी रु. ४००/- र कक्षा ५ को लागि प्रति विद्यार्थी रु. २००/- का दरले शुल्क निर्धारण गर्ने निर्णय गरियो ।

३. मनोरञ्जन कर फिर्ता सम्बन्धमा ।

वडा दशैंको अवसरमा वडा नं. १२ स्थित पब्लिक हाईस्कूलमा लगाउने सस्तो बजार तथा सांस्कृतिक उत्सवको स्वीकृती दिंदा छिमेकि युवा समुह, धरान १२ बाट मनोरन्जन कर वापत रु. १९६०००/- लिईएकोमा विभिन्न कारणले गर्दा उक्त उत्सव सञ्चालन हुन नसकेको हुँदा उक्त कर फिर्ता पाउन सो संस्थाबाट माग भई आएको र उत्सव संचालन हुन नसकेकोले फिर्ता गर्ने निर्णय गरीयो ।

४. न्यायिक कार्य सम्पादन नियमावली,२०७५ **स्वीकृत गर्ने सम्बन्धमा ।**

यस उपमहानगरपालिकाको विधायन समितिबाट पारीत भै प्राप्त न्यायिक सम्पादन नियमावली,२०७५ सामान्य संशोधन सहित पारीत गरियो ।

५. घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि,**२०७५ स्वीकृत गर्ने सम्बन्धमा ।**

यस उपमहानगरपालिकाको विधायन समितिबाट पारीत भै प्राप्त घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ सामान्य संशोधन सहित पारीत गरियो ।

६. अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि,**२०७५ स्वीकृत गर्ने सम्बन्धमा ।**

यस उपमहानगरपालिकाको सामाजिक विकास महाशाखाबाट तयार भै छलफलको लागि प्राप्त अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि,२०७५ माथि छलफल गरीयो ।प्राप्त कार्यविधि सामान्य संशोधन सहित पारीत गरियो ।

७. नगर सौन्दर्यीकरण सम्बन्धमा विस्तृत गुरु योजना निर्माण (DPR) सहित प्रस्ताव आह्वान गर्ने सम्बन्धमा ।

नगर क्षेत्रमा सडक तथा चोक र विभिन्न स्थानमा बस स्टप, ट्राफिक आईलेण्ड, सडक सौर्य बत्ती राख्ने र सो सम्बन्धमा बढिमा १५ वर्षको लागि नीजि क्षेत्रलाई विस्तृत गुरु योजना सहितको कार्य योजना सहितको प्रस्ताव आह्वान गर्ने निर्णय गरीयो ।

८. ससरंगी पार्कको विस्तृत गुरु योजना निर्माण (DPR) सहित प्रस्ताव आह्वान गर्ने सम्बन्धमा ।

यस कार्यालयको स्वामित्वमा रहेको ससरंगी पार्कको विस्तृत गुरुयोजना निर्माण गर्न निजी क्षेत्रका विज्ञहरुलाई प्रस्ताव आह्वान गर्ने निर्णय गरियो ।

९. भ्रमण स्वीकृत गर्ने सम्बन्धमा

यस उपमहानगरपालिकाले फोहर व्यवस्थापनको लागि Waste to Energy कार्यक्रम संचालन गर्ने तयारीमा रहेकोले सोही प्रकृतीको काम भई रहेको भारतको कर्नाटक स्थित वेंगलोरमा अध्ययन अवलोकनको लागि यही मिति २०७५/८/१७ देखि २०७५/८/२३ सम्म जानको लागि नियमानुसार भ्रमण खर्च न.पा.बाटै व्यहोर्ने गरी कार्यवाहक नगर प्रमुख र वडा नं. ६ का वडा अध्यक्षको भ्रमण काज स्वीकृत गर्ने र वैदेशिक भ्रमणको स्वीकृतीको लागि संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने निर्णय गरियो ।

१०. विविध

क) वडा नं १२ को रात्रि सरसरफाई कार्य प्रभावकारी नभएको हुंदा त्यसलाई प्रभावकारी बनाउन शाखालाई आवश्यक निर्देशन दिने ।

ख) वडा नं १३ को सूर्य मार्गमा सरसफाई सेवा शुल्क लिएको तर सफाई सेवा नपुगेको हुंदा उक्त क्षेत्रमा सफाई सेवा विस्तार गर्न शाखालाई निर्देशन दिने ।

ग) भानुचोकमा रहेको वस पार्कको व्यवस्थापन र यात्रु प्रतिक्षालय व्यवस्थापनलाई ध्यान दिन सम्बन्धित पक्षलाई निर्देशन दिने ।

घ) वडा नं १९ लगायतका विभिन्न वडामा खानेपानीको समस्या रहेको हुंदा त्यस तर्फ ध्यान दिन सम्बन्धित पक्षलाई निर्देशन दिने ।

ङ) धरान ८ स्थित तिनकुने सुन्दर वस्ती जग्गा एकीकरण आयोजना स्थलमा निर्माण गरिने बस पार्कको विस्तृत गुरुयोजना निर्माण गर्ने कार्य अगाडी बढाउने निर्णय गरियो ।

आजको वेठक अपरान्ह ४:०० बजे धन्यवाद सहित कार्य वाहक नगर प्रमुखज्यूबाट समापन गर्नु भयो ।

वरिष्ठ प्रशासकीय अधिकृत

पिताम्बर गौतम
नि. प्रमुख प्रशासकीय अधिकृत